# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, फागुन २० गते २०५८ साल (पूर्वातिरिक्ताङ्क ७१(क+१)


## भाग ३

### श्री ५ को सरकार

### संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सूचना

<u>विमानस्थल दस्तुर (तेस्रो संशोधन) नियमावली,२०५८</u>

विमानस्थल दस्तुर नियमावली,२०३८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> (१) यी नियमहरुको नाम " विमानस्थल दस्तुर (तेस्रो संशोधन) नियमावली, २०५८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>विमानस्थल दस्तुर नियमावली,२०३८ को नियम ३ मा संशोधनः</u> विमानस्थल दस्तुर नियमावली,२०३८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३ को,-

(१) उपनियम (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएकोछ :-

"तर त्यस्तो वायुयान चार्टर गरिएको भए सो दस्तूरमा बीस प्रतिशत थप अवतरण दस्तूर लाग्नेछ ।"

(२) उपनियम (१ख) झिकिएकोछ ।

३. <u>मूल नियमावलीको नियम ४ मा संशोधनः</u> मूल नियमावलीको नियम ४ को,-

(१) उपनियम (१) मा रहेको प्रतिबन्धात्मक वाक्यांश झिकिएकोछ ।



ओधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9262

(२) उपनियम (३) पछि देहायको उपनियम (४) र (५) थपिएका छन्:-

"(४) कुनै वायुयानले उपनियम (३) मा तोकिएको समय भन्दा बढी वायुयान बिसाम गरेमा पहिलो तीन घण्टासम्मको लागि सोही उपनियम बमोजिमको दस्तूर र त्यसपछिको प्रत्येक तीन घण्टासम्मको लागि एकपटक वायुयान बिसान गरेको मानी त्यस्तो दस्तूरको पच्चीस प्रतिशतका दरले बिसान दस्तूर लाग्नेछ ।

(५) एक विमानस्थलमा रात्री बिसान (बेस) गर्न स्वीकृत प्राप्त वायुयानले अर्को विमानस्थलमा रात्री बिसान गरेमा पहिलो तीन घण्टासम्मको लागि उपनियम (१) बमोजिमको दस्तूर र त्यसपछिको प्रत्येक तीन घण्टासम्मलाई एक पटक वायुयान बिसान गरेको मानी त्यस्तो दस्तूरको पचास प्रतिशत बिसान दस्तूर लाग्नेछ ।

तर कुनै विमानस्थलमा रात्री बिसान दस्तूर नलाग्ने गरी व्यवस्था गर्न सकिनेछ ।"

४. मूल नियमवालीको नियम ६ मा संशोधनः मूल नियमावलीको नियम ६ मा रहेका "कुनै वायुयानले रात्री उडानमा" भन्ने शब्दहरुको सट्टा "कुनै चार्टर गरिएको वायुयानले" भन्ने शब्दहरु राखिएका छन् ।

५. मूल नियमवालीको नियम १२ मा संशोधनः मूल नियमावलीको नियम १२ को सट्टा देहायको नियम १२ राखिएकोछ :-

"१२. वायुयान आश्रय गृह वहालमा संचालन गर्न दिन सकिनेः (१) वायुयान आश्रय गृह कुनै व्यक्तिलाई बहालमा संचालन गर्न दिन सकिनेछ ।

(२) उपनियम (१) बमोजिम वायुयान आश्रय गृह संचालन गर्न बोलपत्र आव्हान गरी दिइनेछ । त्यसरी संचालन गर्न दिंदा बहाल रकम प्रति महिना प्रति वर्ग मिटर दुईशय रुपैयं भन्दा कम हुने छैन ।"

६. मूल नियमवालीको नियम १७ मा संशोधनः मूल नियमावलीको नियम १७ को,-

(१) उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएकोछ:-

"(४) उपनियम (३) बमोजिम सहुलियत प्राप्त वायुसेवाले आफूले बुझाउन पर्ने दस्तूर बिल प्राप्त गरेको मितिले पन्ध्र दिनभित्र बुझाउनु पर्नेछ । त्यस्तो वायुसेवाले सो म्यादभित्र दस्तूर नबुझाएमा म्याद नाघेको पन्ध्र दिनसम्म दश प्रतिशत, पैंतीस दिनसम्म पन्ध्र प्रतिशत र सत्तरी दिनसम्म बीस प्रतिशतका दरले थप विलम्ब दस्तूर लाग्नेछ ।"

(२) उपनियम (४) पछि देहायको उपनियम (४क) थपिएकोछ :-

"(४क) उपनियम (४) बमोजिम बील प्राप्त भएको सात दिनभित्र बील बमोजिमको दस्तूर बुझाउने वायुसेवाले त्यस्तो बील रकमको दुई प्रतिशत छूट पाउनेछ ।"

७. मूल नियमावलीको नियम १८ मा संशोधनः मूल नियमावलीको नियम १८ को सट्टा देहायको नियम १८ राखिएकोछ:-

"१८. उडानमा रोक लगाउन सकिने : (१) नियम १७ को उपनियम (४) बमोजिमको म्यादभित्र कुनै वायुसेवाले दस्तूर नबुझाएमा विमानस्थलको प्रमुखले त्यस्तो वायुसेवाको वायुयानको उडानमा रोक लगाउन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 1265

(२) उपनियम (१) बमोजिम वायुयानको उडानमा रोक लगाएमा विमानस्थलको प्रमुखले सो कुराको सूचना श्री ५ को सरकारलाई दिनु पर्नेछ ।"

मूल नियमावलीमा नियम १९क. थप: मूल नियमावलीको नियम १९ पछि देहायको नियम १९क. थपिएकोछ:-

"१९क. छूट दिन सक्ने: यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी निश्चित समयावधिको लागि यस नियमावली बमोजिम लाग्ने अवतरण वा संचार तथा उड्डयन सहाय सुविधा दस्तूरमा आंशिक रुपमा छूट दिन सक्नेछ ।"

९. मूल नियमवालीको अनुसूचीमा संशोधन: मूल नियमावलीको,-

(१) अनुसूची-६ को सट्टा यसैसाथ संलग्न अनुसूची-६ राखिएको छ:-

(२) अनुसूची-६क. को खण्ड १ को उपखण्ड (३) मा रहेका "पाँचशय रुपैयाँका दरले" भन्ने शब्दहरुको सट्टा "एकहजार दुईशय रुपैयाँका दरले" भन्ने शब्दहरु राखिएका छन् ।

(३) अनुसूची-७ को सट्टा यसैसाथ सलग्न अनुसूची-७ राखिएकोछ:-

(४) अनुसूची-८ को,-

(क) खण्ड १ को उपखण्ड (ग) झिकिएकोछ ।

(ख) खण्ड ३ को उपखण्ड (१) को सट्टा देहायको उपखण्ड (१) राखिएकोछ:-

"(१) रन्वे फोमिङ्ग बापत देहाय बमोजिमको दस्तूर लाग्नेछ :-

| वायुयानको तौल | दस्तुर |
|---|---|
| दश हजार किलोग्राम सम्मको वायुयानको लागि- | प्रति हजार किलोग्रामको-अमेरिकी डलर एक शय वा सो बराबरको नेपाली रुपैयाँका दरले । |
| दश हजार किलोग्राम भन्दा बढी पच्चीस हजार किलोग्रामसम्मको वायुयानको लागि | पहिलो दश हजार किलोग्रामको-अमेरिकी डलर एक हजार त्यसपछि प्रति हजार किलोग्रामको अमेरिकी डलर पचास वा सो बराबरको नेपाली रुपैयाँका दरले । |
| पच्चीस हजार किलोग्रामभन्दा बढीको वायुयानको लागि- | पहिलो पच्चीस हजार किलोग्रामको-अमेरिकी डलर एक हजार सात शय र त्यसपछि प्रति हजार किलोग्रामको- अमेरिकी डलर पन्ध्र वा सो बराबरको नेपाली रुपैयाँका दरले ।' |

(५) अनुसूची-९ को,-

(क) खण्ड १ मा रहेका "पन्ध्र प्रतिशतले" भन्ने शब्दहरुको सट्टा "पाँच प्रतिशतले" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) खण्ड ४ को उपखण्ड (ग) मा रहेका "एस.आई.टी.ए." भन्ने शब्दहरु झिकिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9266

अनुसूची -६

(नियम ११ सँग सम्बन्धित)

भवन तथा कोठा बहाल

१. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय टर्मिनल भवनमा प्रति महिना प्रति वर्ग मिटर नौ शय रुपैयाँ र अन्तर्राष्ट्रिय अपरेशन/एयरलाइन्स विल्डिङ्गमा प्रति महिना प्रति वर्ग मिटर आठ शय रुपैयाँका दरले।

२. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक टर्मिनल भवनमा प्रति महिना प्रति वर्ग मिटर सात शय पचास रुपैयाँका दरले।

३. पोखरा, नेपालगंज, विराटनगर, लुक्ला विमानस्थलहरुमा प्रति महिना प्रति वर्ग मिटर चार शय रुपैयाँका दरले।

४. भद्रपुर, जनकपुर, सिमरा, भरतपुर, भैरहवा (गौतम बुद्ध विमानस्थल), जोमसोम, मेघौली जुम्ला सुर्खेत र धनगढी विमानस्थलहरुमा प्रति महिना प्रति वर्ग मिटर तीन शय रुपैयाँका दरले।

५. अन्य विमानस्थहरुमा प्रति महिना प्रति वर्ग मिटर दुई शय रुपैयाँका दरले।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१२८८

अनुसूची -७

(नियम १५ सँग सम्बन्धित)

विज्ञापन दस्तुर

१ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा :

(१) अन्तर्राष्ट्रिय टर्मिनल भवनभित्र प्रति महिना प्रति वर्ग मिटर एक हजार पाँच शय रुपैयाँका दरले ।

(२) आन्तरिक टर्मिनल भवनभित्र प्रति महिना प्रति वर्ग मिटर एक हजार पचास रुपैयाँका दरले

(३) अन्तर्राष्ट्रिय वा आन्तरिक टर्मिनल भवन बाहिर विमानस्थल क्षेत्रभित्र प्रति महिना प्रति वर्ग मिटर पाँच शय रुपैयाँका दरले ।

(४) अन्तर्राष्ट्रिय वा आन्तरिक टर्मिनल भवन बाहिर विमानस्थल क्षेत्रभित्र कुनै किसिमको ब्यानर, प्लेकार्ड आदि अस्थायी रुपमा राख्न प्रति दिन प्रति वर्ग मिटर तीन शय रुपैयाँका दरले ।

२ अन्य विमानस्थलहरुमा :

(१) पोखरा, विराटनगर, भैरहवा (गौतम बुद्ध विमानस्थल), नेपालगंज, लुक्ला तथा जोमसोम विमानस्थलमा टर्मिनल भवनभित्र प्रति महिना प्रति वर्ग मिटर तीन शय रुपैयाँ र टर्मिनल भवन बाहिर विमानस्थल क्षेत्रभित्र प्रति महिना प्रति वर्ग मिटर एक शय पचास रुपैयाँका दरले ।

(२) उपखण्ड (१) बाहेकका अन्य विमानस्थलको टर्मिनल भवनभित्र प्रति महिना प्रति वर्ग मिटर दुई शय रुपैयाँ र टर्मिनल भवन बाहिर विमानस्थल क्षेत्रभित्र प्रति महिना प्रति वर्ग मिटर एक शय पच्चीस रुपैयाँका दरले ।

द्रष्टव्य : धुम्रपान, सूर्ति, पानपराग, मदिरा सम्बन्धी विज्ञापनको हकमा माथि उल्लिखित दरमा पचास प्रतिशत थप दस्तुर लाग्नेछ ।

आज्ञाले,

वीरेन्द्र बहादुर देउजा

श्री ५ को सरकारको का.मु. सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागू हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।